# सिंजा गाउँपालिका

## नराकोट, जुम्ला

## कर्णाली प्रदेश, नेपाल ।

# आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम

**सिंजा गाउपालिकाको आर्थिक वर्ष २०७९।०८९ को नीति तथा कार्यक्रम**

**सिंजा गाउपालिका भरीका हाम्रा आमाबुवा, दाजुभाई दिदीबहीनीहरु**

**उपाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, राजनीतिक दलका प्रतिनिधि ज्यूहरु**

यो वर्ष बैशाख महिनामा चुनाव भयो । चुनावमा यस पाली सबै सिंजा गाउँपालिका भित्रका मतदाताहरुले हामीलाई बिजय गराई पठाउनु भयो । सबैभन्दा पहिला गाउँपालिकामा आउनु भएका सबै जनप्रतिनिधिका तर्फबाट सिंजा गाउँपालिकाका सबै मतदाताहरुलाई नमस्कार । चुनावमा खटिई आएका कर्मचारी, सुरक्षाकर्मी राजनीतिक दलहरु सामाजिक संघ संस्था पत्रकार, शिक्षक, समाजसेवी वुद्दिजिवी र उपस्थित सम्पूर्णमा धन्यवाद छ ।

पहिलेकै जस्तो यसपाली पना नयाँ साल आउदैछ । आज असार १० गतेका दिन सिंजा गाउँपालिकाले ल्याउने आर्थिक वर्ष २०७९।०८० भरिको नीति तथा कार्यक्रम सबै कार्यपालिकाका सदस्य ज्यूहरुसंग सरसल्लाह गरि तयार गरि यस गाउँसभामा प्रस्तुत गरेका छौं । तपाईहरुलाई यस सिंजा गाउँपालिकामा धेरै पैसा होला जस्तो लाग्न सक्छ । तेस्तो छैन सिंजा गाउँपालिकालाई नेपाल सरकारले पठाएको रकम थोरै छ । सिंजा गाउँपालिका भित्रका जनताका दुख तिनका समस्या धेरै छन् । यी सबै समस्या केन्द्र सरकारबाट आएको थोरै रकमले काम गर्न सकिने छैन । समस्या धेरै छन् रकम कम छ । तेसैले जनताको बढी समस्या के रैछ ती समस्यलाई संघ सरकारले दिएको रकमले समस्या समाधान गरौंला । हाम्रो गाउँपालिकाको रकमले नपुगग्या समस्या छन भने प्रदेश सरकारसंग अनुरोध गरौंला । त्यस भन्दा पनि बढी समस्या भए केन्द्र सरकारसंग पनि माग गरौंला । केही कामत अहिले पनि गरौला । बाँकी काम आउदा वर्षमा पुरा गरौला । हाम्रा सिंजाका जनताले धैर्यता गर्नु पर्यो । निरासाहुनु पर्दैन भनी हामी अनुरोध गर्दछौ ।

अरुको मुख ताक्नु राम्रो होईन । त्यसैले हाम्रो गाउँपालिकामा आफ्ना आम्दानीका स्रोतको पहिचान गर्नु पर्ने छ । त्यसैले गाउँपालिकाले नौलो र भरपर्दो समूह बनाई आम्दानीका स्रोत खोज्ने विचार गरेका छौं । ईच्छा शक्ति भएका यूवालाई हाम्रा नीतिहरु व्यवस्थित गरिकन कार्यान्वयन गरी अघि वढ्ने विचार गरेका छौ । हप्तादिने र महिनादिने सीपमुलक तालिम पनि यूवाहरुलाई सिकाउने प्रयास गर्ने छौ । यी मैले माथि प्रस्तुत गरेका विषय वस्तुलाई तल बुदाँगत रुपमा राखेका छौं । ती विषय वस्तुलाई अलग अलग प्रस्तु गर्न गई रहेका छौ । ध्यान दिएर सुनिदिनु होला ।

**सिंजा गाउँपालिकाको भौतिक पूर्वाधार तीरको नीति तथा कार्यक्रम**

१. बन्दै गरेको सिंजा गाउँपालिका वडा नं. १ जिवर्काको पक्की पुल यही वर्ष भित्र पुरा गर्ने छौ ।
२. सिँजा गाउँपालिकाको आफ्नो भवन यसै वर्ष तयार गर्ने छौ ।

३. नराकोट कोटेसागुलाई यसै साल पक्की पुल बनाउनको लागि ठेक्का आव्हान गर्नेछौ ।
४. संघीय सरकार संग सल्लाह गरी राजमार्ग धितल लिही, गोरा, भाडगाउँ, छकाल्या पानी हुदै जुम्ला बजारसम्म सडक पक्की बनाउने छौ ।
५. कर्णाली सरकार सँग समन्वयगरी  धिताल लिही, गोराँ भाडगाउँ छकाल्या पानी हुदै जुम्ला बजार सम्म जोडने सडक छिटो भन्दा छिटो बनाउने छौं ।
६. गोरा, रुगा, जोड्ु र रुगा, काँडागाउँ सडक चौडा स्तरोन्नती बनाउने छौ ।
७. फार्सेवाडा, बार्या, बुदबुदी सडकलाई स्तरोन्नती बनाउने छौ ।
८. नराकोट बजार देखि जाँच हुदै झिम्रीकुना सम्म जाने सडक पनी स्तरोन्नती बनाउने छौ ।
९. फरनडोला, देउली सिंजा बृहत खानेपानीको नापजाँच गरी डिपीआर गर्ने छौ ।
१०. खाने पानीको दुख भएको फुङ्ग्र गाउँमा स्वच्छ खानेपानीको व्यवस्था मिलाउने छौ ।
११. सिंजा गाउँपालिकाको केन्द्र रहेको नराकोट बजारलाई शहर बनाउन चाहिने योजना तयारको काम पुरा गर्ने छौ ।
१२. सिंजा गाउँपालिका भित्रका भवन नबनाएका वडाहरुमा भवन यसै सालदेखि बनाउन शुरु गर्ने छौ ।
१३. सिंजा गाउँपालिकालाई पुग्ने गरिकन एक चिस्यान केन्द्र स्थापना तयार गर्ने छौ ।
१४. सिंजा गाउँपालिकालाई हुने गरि एक खेल मैदान पनि यसै साल तयार गर्ने छौ ।
१५. सिंजा गाउँपालिकाको नराकोट बजार आसपासमा एक बसपार्क बनाउनको लागि काम शुरु गर्ने छौ ।
१६. सिंजा गाउँपालिकाको नराकोटमा मालपोत र नापी कार्यालय, क श्रेणीको चौकी र कृषि विकास बैंक स्थापना गर्ने कामका लागि पहल गर्नेछौ ।
१७. सार्वजनिक जग्गा जोगाउने छौ । वन, नदी र खानीको वातावरणीय असर जाँची व्यवस्थापन गर्ने छौ ।
१८. हिमा, सिंजा र कनकासुन्दरी गाउँपालिकाको एक आपसमा समन्वय गरी हिमा नदी सफाई, नदिका छाल तिर रुखलगाउने, नदीमा विषादी र करेन्ट लगाउन नदिन्या माछा संरक्षण गर्ने व्यवस्था मिलाउने छौ ।
१९. सिंजा गाउँपालिकाका सबै घरधुरीलाई राष्ट्रिय प्रसारण लाईनवाट विजुली बाल्ने व्यवस्था गर्नेछौ । राइके डाडाँमा रहेको वायूउर्जाबाटा उत्पादन भएको विजुली वडा नं. ४ का नबल्याका घरधुररीमा पनिबाल्ने छौ । क्षमता हेरिकन नराकोट बजारसम्म बायूउर्जाको बत्ती ल्याउने व्यवस्था गर्ने छौ ।
२०. अधुरो रहेको सिंजा रंगशाला बनाउने व्यवस्था मिलाउन्या छौ ।
२१. उपभोक्ता समितिलाई पारदर्शी बनाउने छौ । सिंजा गाउँपालिकामा भ्रष्टचार, घुस लिने दिन्या छैनौं।
२२. जाँचबाट बाओ, बारे, फुङ्ग्र, काडागाउँ जोड्ु हुदै मालाभिड पुग्ने लेकाली पर्यटकीय सडक बनाउन पहल गर्ने छौ ।
२३. सिंजाबाट बाग्रे हुदै कालिकोटको पलाता जोड्न्या बाटो बनाउन पहल गर्ने छौ ।

**सिंजा गाउँपालकाको शिक्षातिरको नीति तथा कार्यक्रम**

१. सिंजा गाउँपालिका भित्र रहेका विद्यालयसँग जोडिएका बालबिकास केन्द्रलाई आफ्नो गाउँ टोलमा लैजानकालागी गाउँ, टोलको बहुमतले माग गरेको खण्डमा र राम्रो गर्ने प्रतिबद्धता गरेमा यस आ.व.भित्र प्रत्येक वडामा एक एक बटा नमूना बाल बगैंचा बनाउने छौ । बाल विकासका शिक्षिकालाई तालिम र मापदण्ड अनुसारको पारिश्रमिकको व्यवस्था गर्नेछौ ।

२. विद्यालय जाने उमेर पुगेका बाबबालिकाहरु विद्यालय पठाऔ ज्ञानको दियो जगाउ भन्ने नारा लगाउँदै विद्यालय भर्ना गर्ने कामलाई छिटो र विश्वासिलो गर्नेछौ । बालबालिकाका अभिभावकलाई सार्वजनीक समुदाय विद्यालयमा राम्रो शिक्षा पाइन्छ भन्ने विश्वास दिलाउने छौं ।

३. विद्यालय बीचको दुरि,त्य हाँ पढ्ने विद्यार्थीको संख्या हेरेर शिक्षक दरबन्दी मिलान र विद्यालय गाभ्ने काम गरिने छ ।

४. आधारभूत तहका बालबालिकाहरुलाई वितरण गरिदै आएको दिवा खाजा र छात्रवृति रकमलाई निरन्तरता दिनेछौं । विद्यालयमा वितरण गरिने सेनिटरी प्याड आवश्कता अनुसार बढाएर विद्यालयमा वितरण गर्नेछौ ।

५. आधारभुत तह कक्षा १ देखि ८ कक्षा सम्म सिंजालाई खस भाषामा पाठ्क्रम बनाइने छ । भएका पाठ्क्रम र पाठ्यक्रम सामग्रीलाई परिमार्जन गरि वितरण गरिने छ ।

६. कोभिड महामारीका कारणले गर्दा विद्यालय र विद्यार्थीलाई पढाई असर पुगेको हुदा यसको लागि सरकार र सरकार बाहिरका संघ संस्थाहरु संग समन्वयगरी सहयोग मागि विद्यालयको पठन पाठन मा सहयोग गरिनेछ ।

७. यस पालिका भित्र स्नातक र स्नाकोत्तर सम्म पढनका लागि युवा स्वयंसेवक र इन्टर्नसीप (पर्की सेवा) मार्फत पालिकाभित्र सेवा कार्यालहरुमा खटाइने व्यवस्था मिलाउने छौं ।

८. साक्षर पालिका जीवन पर्यत्न सिकाईलाई प्रमुख बनाउदै अर्को वर्ष सिंजा गाउँपालिकाभित्र बसेका र नपढेका मानिसलाई प्रौढ शिक्षा पढाएर साक्षर पालिका बनेको देखाउने छौ ।

९. सकेसम्म सिंजा गाउँपालिकासँग जोडिएका हिमा र कनकासुन्दरी गाउँपालिकासँग मिलेर विद्यालहरुको पढाउने शैक्षिक तालिका एकै किसिमको गर्ने छौ । परीक्षा प्रणालि व्यवस्थित गर्नेछौ । सिंजा गाउँपालिका भित्र भने यो काम अनिवार्य गर्नेछौ ।

१०. संघको पढै कमाउदै र प्रदेशको एक पालिका एक आवसीय विद्यालय कार्यक्रम सिंजा गाउँपालिकाको एक विद्यालयमा छनोट गरि जग बसाल्ने छौं ।

११. शिक्षक शिक्षिकाहरुको लागि क्षमता विकासका तालिम संचालन गर्नेछौं ।

१२. गाउँपालिका भरिका विद्यालयमा पूर्वाधार थप्ने छौं । आधुनिक प्रविधिको पठन पाठन सहयोगी सामग्रीहरु प्रयोगशाला, पुस्तकालय इन्टरनेटको व्यवस्था गर्ने छौं ।

१३. शारीरिक अशक्त र अपाङ्ग भएका मानिसलाई सिंजा गाउँपालिकामा सरकार तथा सरकार बाहिरका संघ संस्था संग समन्वय गरी एक पुनस्थापाना केन्द्र वा स्याहर केन्द्र बनाउने छौं ।

१४. सिंजा गाउँपालिका भित्रका विद्यालयहरु बाट ज्ञान विज्ञान संगीत र खेलका विधामा प्रदर्शनी र प्रतियोगिता संचालन गर्ने व्यवस्था मिलाउने छौ । सिंजाको इतिहास भाषा साहित्य संस्कृती र कलाको विकास अभिलेखीकरण गर्ने काम हुने छ ।

१५. स्वयंसेवक शिक्षक, शिक्षिकाहरुलाई विद्यार्थीको नतिजा र उपलब्धि स्तर मापनका आधारमा प्रोत्साहन भत्ता दिने छौं ।

१६. कार्यसम्पादन, आफूले पढेको योग्यता र काम गर्ने क्षमता भएका शिक्षक, शिक्षिकाहरु मध्येवाट विद्यालयको प्रधानाध्यापक तोक्ने छौ ।

**स्वास्थ्यतिरको निति तथा कार्यक्रम**

१ गरीब, दु:खी असहाय एकल महिलालाई ठूलो रोग लागेमा औषधि उपचार गर्न नसक्ने अवस्था आउन नदिन पालिका अध्यक्ष अक्षय कोष बनाउने छौं ।

२. गाउँपालिका भरिका नागरिकको स्वास्थ्य लागत राखेर तीन /तीन महिनाको निशुल्क जाँच र निगरानी गर्ने छौं । दीर्घरोगी (सुगर मुटु रोगी दम रागन ग्याष्टिक) भएका सकेसम्मको औषाधी वितरण गर्ने छौं ।

३ पुराना वैध जानेको औषधीको ज्ञान र जडिबुटीलाई एक ठाउमा ल्याएर प्रमाणित गरी धामीझाँक्री र वैधलाई तालिमको व्यवस्था गर्नेछौं ।

४ रोजगारी नभएका घरका ६८ वर्ष माथिका वृद्ध नागरिकहरुलाई नि:शुल्क राष्ट्रिय स्वास्थ्य विमा गर्नेछौं ।

५ संघीय सरकार सँग समन्वय गरि नराकोट स्वास्थ्य चौकीलाई स्तरबृद्धि गरी १० बेडको बनाउने छौं ।

६ विद्यालयमा विद्यार्थी हरुलाई स्वास्थ्यको ज्ञान र औषाधीको व्यवस्था गर्नेछौ ।

७ टेलिफोन बाट विशेषज्ञ डाक्टर संग समन्वय गरी सोधेर ठुलो रोगको उपचार गर्ने व्यवस्था गर्ने छौ ।

८ वडा नं.२ को आधारभूत स्वास्थ्य इकाईमा प्रयोगशाला र सुत्केरी केन्द्र बनाउने छौ ।

९ यस पालिका भित्रको आँखा र आयुर्वेद उपचार केन्द्रको थप सेवा बढाउनेछौ ।

१० कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग समन्वय गरी सिंजा गाउँपालिकामा विज्ञ डाक्टरको स्वास्थ्य सेवा दिने प्रयास गर्ने छौ ।

११ गाउँपालिका उपाध्यक्ष आमा सुरक्षाकोष स्थापना गरी घरमा सुत्केरी हुने चलनलाई रोकी स्वास्थ्य चौकीमा सुत्केरी हुनेलाई सरसफाई सम्बन्धि सामान उपहार दिइनेछ । सुत्केरी कुपोषित बालबालिका र ६८ वर्ष उमेर पुगेका घातक रोग लागेका विरामीहरु लाई निशुल्क एम्बुलेन्स सेवा दिने छौं ।

१२. नयाँ एम्बुलेन्स खरिदको व्यवस्था मिलाउने छौं ।

१३. राम्रो काम गर्ने महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्यकर्मीलाई सम्मान  कार्यक्रम राख्नेछौ ।

१४. गाउँपालिका स्वास्थ्य, सरसफाई, महिला, आधारभूत स्वास्थ्य स्वयंसेविकाको नीति र विधि बनाई स्वास्थ्यकर्कीहरुको ओएनएम सर्भे गर्नेछौ ।

१५ सबै स्वास्थ्य चौकीमा व्यवस्थापन खर्च र नराकोट स्वास्थ्य चौकी, प्रयोगशाला सेवा, शनिगाउँ स्वास्थ्य चौकीमा आमा तातोघर, धाँपा स्वास्थ्य चौकीमा घरेवार गरी विधुतिय सफ्टवयरको व्यवस्था गर्ने छौ ।

१६ स्वास्थ्य चौकी, आधारभूत सामुदायिक ईकाइहरु साधन र श्रोत सम्पन्न गर्ने छौं ।

१७ गाउँघर क्लिनिक र बाहय खोपकेन्द्रहरु लाई चाहिने सामानहरुको व्यवस्थापन गरी सेवा दिनहुँ दिने व्यवस्था मिलाउनेछौ ।

१८ वडा नं. ४ को आधारभूत स्वास्थ्य केन्द्रमा सुत्केरी सेवा थप्ने व्यवस्था गर्ने छौ ।

१९  वडा नं. ६ मा रहेको आधारभूत स्वास्थ्य चौकी संचालनमा ल्याइनेछ ।

२० वडा नं. ५ मा रहेको  स्याउल्या गज्जीमा एक शिक्षक खटाई विद्यालयमा पढाउने व्यवस्था गर्नेछौ ।

**कृषि तिर निति तथा कार्यक्रम**

१. सिंजा गाउँपालिकाको हाइटेक  नर्सरी व्वयस्थापनकालगि प्रदेश सरकार सँग समन्वय गरी विरुवा व्यवस्थापन  र समुदायमा चाहिने उत्पादनहुने महंगा पर्ने विरुवा उत्पादन गरी किसानलाई वितरण गर्ने छौं ।
२. व्यवसायिक खेती तथा नगदे बाली उत्पादन गरी रोजगार दिने व्यवस्था गर्नेछौ ।
३. प्रदेश र संघीय सरकार सँग समन्वय गरी एक वडा एक कृषि प्राविधिकको व्यवस्था गर्नेछौ ।
४. सिंजा गाउँपालिकालाई विषादी मुक्त गाउँपालिका बनाउनेछौ ।
५. रैथाने बालीका  विंउविजन बचाई खेती गर्ने व्यवस्था गर्नेछौ ।
६. सिंजा गाउँपालिका भित्रका विद्यालयमा पढदै गरेका कृषि बिषयका विद्यार्थीलाई  कार्यगत तालिमकालागी  गाउँपालिका भित्रका कृषि फर्ममा खटाईने छ ।
७. प्रदेश र संघीय  सरकारबाट पाइने शसर्त अनुदानका लागि कम्तीमा ५० प्रतितश रकम विनियोजन गरिने छ ।
८. पशु, पंक्षी पाल्ने इच्छा भएका युवा युवतीहरुलाई पशु पंक्षी जन्य उद्यमको तयारी पुरा गरेपछि उद्यम हेरी जम्मा लागत वा लगानीको आधा सम्म रकम अनुदान दिने व्यवस्था मिलाउने छौ । पशु, पंक्षीहरु रोग लागेमा निशुल्क औषधी वितरण गरिने छ ।

९. गाउँपालिका भित्र पालिएका गाई, भैसीको विउ बदली गरी नश्ल सुधार गरिने छ ।
१०. सिंजा गाउँपालिकाले जग्गा लिजमा लिइ आफ्नो एक नमूना कृषि वीउ उत्पादन केन्द्र बनाएर उन्नत वीउ विरुवा उब्जाउने छौ । गाउँपालिका भरि हिउदे र बर्षे विरुवाहरु सहुलियत मुल्यमा वितरण गर्नेछौ ।
११. पशुचौपायाको विमा गरि विमाको प्रभावकारिता बढाउनेछौ ।
१२. सिंजा गाउँपालिका भित्र नराकोट बजार आसपासमा खाली जग्गा हेरी महिनाको एक दिन हाटबजार र देउडा खेल लगाउने व्यवस्था मिलाउने छौ ।
१३. किसानले उत्पादन गरेका वस्तुबाट नयाँ परिकारहरु बनाउने तालिम संचालन गर्नेछौ ।
१४. सिंजा गाउँपालिकामा रहेका पुराना सिंचाइ कुला मर्मत गर्नेछौ । बाँजो रहेको जग्गालाई प्रयोगमा ल्याइनेछ । त्यसको लागि पोखरी, हिउ, पोखरी र लिफ्ट सिंचाइ गरिने छ ।
१५. वडा नं. ४ मा कृतिम तालको संभाव्यता अध्ययन गरिने छ ।

**सूचना प्रविधितिरको नीति तथा कार्यक्रम**

१. एकिकृत स्थानीय तह  वस्तुगत विवरण बनाइ यसै आ.व. भित्र संचालन गरिने छ
२. गाउँपालिका लाई सूचना मैत्री बनाउनको लागि डिजिटल नोटिस बोर्ड व्यवस्थापन गरी परिक्षण गरिनेछ ।
३. सिंजा गाउँपालिकाको अभिलेख केन्द्र स्थापना गरी पालिकालाई चाहिने सफ्टवयर सामग्री खरिद गर्ने छौ ।
४. लिजा फरा र एनएनआरएफसी जस्ता गाउँपालिकाको स्तर र मापदण्ड मापन प्रणालिलाई व्यवस्थित गरी मुल्याङ्कन आधार प्रभावकारी बनाउनेछौ ।
५. सिंजा गाउँपालिको आफ्नो प्राविधिक सामाग्रीको प्रयोशाला  बनाउने छौ ।

**लघु तथा घरेलु उद्योग सम्बन्धि नीति तथा कार्यक्रम**

१. पुराना राडीपाखी, लिउ, ठेट्टुवा,  घरबुना,  डोका बनाउने सिलाइ, कटाई, आरन सुधारका घरेलु उद्योग बनाउने पुर्खेउली सिप कला लाई जोगाउने र आधुनिक सिप  तालिम दिनको लागि उद्योग तथा उपभोत्ता हित संरक्षण कार्यालय सँग साझेदारी गरी तालिम दिने व्यवस्था मिलाउने छौ ।
२. गाउँघरमा उत्पादन भएका वस्तुहरुको बाहिर जिल्ला पठाउनको लागि कोसेली घरको स्थापना गर्नेछौ ।
३. गाउँघरमा बेरोजगार युवाहरुलाई सिपमुलक तालिम दिने व्यवस्था मिलाउने छौ ।
४. गाउँपालिका भित्र रहेका उद्यमीहरु अन्तर पालिका वा जिल्लाका उद्योग रहेका स्थानमा भ्रमणको व्यवस्था मिलाउनेछौ ।

**पर्यटन तिरको नीति तथा कार्यक्रम**

१. केदारनाथ बुदबुदीलाई देश भरिकै धार्मिक र प्राकृतिक पर्यटनका रुपमा विकास गर्नेछौ ।

२. सिंजा गाउँपालिका वडा नं. २ मा निर्माणाधिन रहेको सिंजा सभ्यता खस संग्रहालय लाई सिंजा सभ्यताको रुपमा विकास गर्नेछौ ।
३. यस सिंजा क्षेत्रमा हुने गरेका धार्मिक मेलाहरुलाइ व्यवस्थित बनाइ प्रचार प्रसारमा जोड दिने छौ ।
४. सिंजा गाउँपालिका भित्र संचालनमा रहेका होटल, रेष्टुरेन्टलाई व्यस्थित, आकर्षक सफा राख्ने गर्ने होटल व्यवसायिक लाई उचित पुरस्कारको व्यवस्था मिलाइने छ ।
५. हाटबजार लाग्ने दिन सिंजाका लोप हुन लागेका संस्कृति खेल देउडा नाच आदिको प्रतियोगिता गर्ने व्यवस्था मिलाइनेछ ।
६. नाग्म सिंजा गमगढी राजमार्गमा सिंजा गाउँपालिका भित्र संचालन भएका होटल रेष्टुरेन्टमा रैथाने बालीका सफा परिकार बनाई पर्यटकलाई खुवाउने लाई पुरुस्कारको व्यवस्था गर्नेछौ ।
७. राजमार्गसँग जोडियका बस्तीमा होमइस्टे घर बनाई प्रर्यटनमा सहायता गरिने छ ।

**महिला तथा बालबालिका तिरको नीति तथा कार्यक्रम**

१. महिला दिदिबहिनीहरुका लागि हाम्रो सिंजाका स्थानीय पर्व र राष्ट्रिय पर्वहरुमा मनाउने गरेका महिला तथा बालबालिका कार्यक्रम, जनचेतना मुलक कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउने छौ ।
२. सिंजा गाउँपालिका भरीका टोल विद्यालयमा बालक्लब बनाउने र बालविवाह बालश्रम र बाल हिंसा रोक्ने व्यवस्था मिलाउनको लागि आवश्यक पहल गर्नेछौं ।
३. छाउपडी प्रथा जातीय भेदभाव बहुविवाह बालविवाहको अन्त्य गर्नेको लागि व्यवस्था मिलाउनेछौ ।

**दलित तिरको नीति तथा कार्यक्रम**

१. दलित उत्थानको लागि जनचेतना मुलक काम गर्नेछौ । पुर्ख्यौली सिप भएका दलितहरुलाई सिप सम्बन्धि क्षमता विकास तालिमको व्यवस्था मिलाउनेछौ ।
२. लोप हुन लागेका दलितका पुर्ख्योली सिपहरुको खोजी गरी सीप हस्तान्तरण गरी आर्य आर्जन गर्ने व्यवस्था मिलाउनेछौ ।

**जनतासँग अध्यक्ष कार्यक्रम**

१. युवा परिचालन कृषि, शिक्षा, स्वास्थ्य, जोखिम, विपत व्यवस्थापन, कला, साहित्य, संस्कतिको संरक्षण अन्तरपालिका भगिनी सम्बन्ध, स्वयंसेवक परिचलान सेवा विस्तार तथा रोजगारी सिर्जना गर्नेछौ ।
२. सिंजा गाउँपालिका वडा नं. ४ को दहचौरमा हवाइजहाज बस्नको लागि एअरपोर्टको संभाव्यता अध्ययन गरिनेछ ।

**सिंजा गाउँपालिकाले लगाउने कर**

सिंजा गाउँपालिकामा पहिला देखि लगाउदै आएको स्थानीय करलाई साल समय अनुसार करको दरलाई हेरफेर गरी परिवर्तन गर्नेछौ ।

गाउँसभाका सदस्य ज्यूहरु, अब म यो सम्मानित १० औं गाउँसभामा आर्थिक वर्ष २०७९/०८० का लागि अनुमानित गरी प्रस्ताव गरेको बजेट कार्यक्रम र योजना तपाईरुका सामु राख्दैछु ।

क. संघीय सशर्त अनुदान चालुतर्फ रु १४ करोड ८७ लाख
ख. संघीय सशर्त अनुदान पुँजीगत तर्फ रु ९२ लाख
ग. संघीय समानीकरण तर्फ रु १० करोड २२ लाख
घ. राजश्व बाँडफाँड तर्फ रु ७ करोड १४ लाख ५३ हजार
ङ. प्रदेश समानीकरण तर्फ रु १ करोड ७० हजार
च. आन्तरिक आम्दानी रु १० लाख
जम्मा ३४ करोड २६ लाख २३ हजार

यो निति तथा कार्यक्रममा सहयोग गरिदिन सबै सिंजाबासी दाजुभाइ तथा दिदीबहिनीहरुलाई अनुरोध गर्दै सबै गाउँसभा सदस्यज्यूहरुलाई यो आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम बजेट मा छलफल गरी पास गर्नुहुनेछ भन्ने मैले विश्वास लिएकोछु ।

ध्यान दिई सुनिदिनु हुने सम्पूर्ण सिंजाली दाजुभाइ दिदिबहीनीहरुलाई पुन:

धन्यवाद ।

प्रस्तुतकर्ता
पूर्णप्रसाद धिताल
सिंजा गाउँपालिका अध्यक्ष
मिति २०७९/०३/१०